# हेटौडा उपमहानगरपालिका

# वडा नं. १४

# बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. १४ को कार्यालय

# विषय सूची

खण्ड १ परिचयः......3
**१.१ वडाको परिचय**......3
**१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता**......3
**१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था**......3
खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा......4
**२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता**......4
**२.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था**......5
२.२.१ नेपालको संविधान......5
२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४......5
२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५......6
२.२.४ दिगो विकास लक्ष्य......6
२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९......7
२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८......7
२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८......7
२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२......7
२.२.९पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)......8
**२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि**......8
२.३.१ बालमैत्री......8
२.३.२ बालमैत्री स्थानीय शासन......8
**२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र**......9
२.४.१ बाल बचाउ......9
२.४.२ बाल संरक्षण......9
२.४.३ बाल विकास......10
२.४.४ बाल सहभागिता......10
**२.५ बाल समूह सम्बन्धि विवरण**......10
**२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता**......10
**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण**......11
**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण**......11
खण्ड ३ वडाको जनसंख्या......12
**३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या**......12
**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या**......12
**३.३ बालबालिकाको जनसंख्या**......14
**३.४ भाषाका आधारमा जनसंख्या**......14
**३.५ जन्मदर्ता सम्बन्धि विवरण**......15
**३.६ बाल विवाहको अवस्था**......15
३.६.१ विवाह सम्बन्धि विवरण......15
३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण......15
३.६.३ बाल विवाह सम्बन्धि विवरण......16
**३.७ प्रति परिवार औषत बालबालिका संख्या**......16
**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण**......16

खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य....................18
**४.१ सुरक्षित मातृत्व कार्यक्रम**....................18
**४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण**....................18
**४.३ बालबालिकामा पोषणको स्थिति**....................19
४.३.१ स्तनपात सम्बन्धी विवरण....................19
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण....................20
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु**....................20
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य**....................20
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण**....................22
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण....................22
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण....................22
**४.७ टिडी खोप सम्बन्धी विवरण**....................22
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण**....................23
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण**....................23
**४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण**....................24
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण**....................24
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका**....................25
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण**....................25
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था**....................25
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण**....................27
खण्ड ५ वडाको शैक्षिक अवस्था....................29
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण**....................29
**५.२ शैक्षिक संस्थाहरुको विवरण**....................29
**५.३ छात्रछात्राको विवरण**....................29
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण....................29
५.३.२ वडाको बिद्यार्थी विवरण....................30
**५.४ विद्यालय पुग्न लाग्ने समय**....................31
**५.५ विद्यालयमा खानेपानीको सुविधा**....................31
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था**....................31
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण**....................32
**५.८ विद्यालय भर्ना नभएका**....................32
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण**....................33
**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण**....................33
खण्ड ६ वडामा बाल संरक्षण....................35
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण**....................35
**६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण**....................35
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण**....................35
**६.४ बालश्रमिक सम्बन्धी विवरण**....................36
**६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण**....................36
**६.६ सडक बालबालिकाको विवरण**....................37

**६.७ कुलतमा लागेका बालबालिकाको विवरण** ........ 37
**६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण** ........ 37
**६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण** ........ 37
**६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण** ........ 37
**६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण** ........ 37
खण्ड ७ वडाको आर्थिक पक्ष ........ 38
**७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण** ........ 38
**७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण** ........ 38
**७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण** ........ 39
**७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण** ........ 39
खण्ड ८ वडाको प्रकोप अवस्था ........ 40
**८.१ प्रकोपको विवरण** ........ 40
**८.२ प्रकोपबाट भएको क्षतिको विवरण** ........ 40
**८.३ बाल अपराधको विवरण** ........ 40

# खण्ड १ परिचयः

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर १४ को क्षेत्रफल १६.३२ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्व सिमानामा त्रिभुवन राजपथ (वडा नं. १५), पश्चिमा वडा नं. १३, उत्तरमा वडा नं. ९ र दक्षिण तर्फ पर्सा राष्ट्रिय निकुञ्ज अवस्थित छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २,४९४ रहेको छ जस्मा १,२६७ बालक र १,२२७ बालिका रहेका छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४९.२० प्रतिशत बालिका र ५०.८० प्रतिशत बालकको संख्या रहेको छ।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

साविक चुरियामाईको १ र २ नम्बर वडाहरु मिलेर बनेको यस वडाको मुख्य बस्तिहरुमा मयुरधाप, कालोपानी, बनेलधाप, नयाँबस्ति, उत्तरपानी, भोम्जनडाँडा र ड्राईभरडाँडा हुन। यस वडामा ऐतिहासिक र धार्मिक कुखिरनी खोला बगेको छ।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडाका सबैभन्दा धेरै मानिसहरु अर्थात ५३.९६% कृषिको क्षेत्रमा आवद्ध रहेका छन् भने १२.४९% व्यापार-व्यवसायमा संलग्न छन्। १८.११ प्रतिशत मानिसहरु जागिर पेशामा रहेका छन् भने ज्याला मजदुरी पेशामा १५.०९ प्रतिशत रहेका छन्। सबैभन्दा कम अर्थात ०.३५% मानिसहरु उद्योग पेशामा रहेका छन्।

यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ५१७ रहेको छ र ती मध्ये २७.३ प्रतिशत महिला छन्।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न
- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत

गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाईै बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्ने, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत “सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन” मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र

किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन

र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### २.२.९पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा

रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

## २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिँसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धि विवरण

विभिन्न बाल समूहहरुमा आवद्ध बालबालिकाहरुको संख्यात्मक विवरण तपशिल अनुसारको रहेको छः

| | बाल समूहको प्रकार र लिङ्गको आधारमा बाल सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **बाल समूहको विवरण** | **बालिका** | **बालक** | **अपाङ्गता बालिका** | **अपाङ्गता बालक** | **जम्मा** |
| १ | विद्यालयमा आधारित बालसमूह | ५२ | ३६ | ३ | ९ | ८८ |
| २ | समुदायमा आधारित बालसमूह | २४१ | १५९ | | | ४०० |
| | **जम्मा :** | **२९३** | **१९५** | **३** | **९** | **४८८** |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता

यस वडाको शासकिय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिहरु (४ विद्यालयमा) | ४ | ४ | ८ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |
| ५ | बालसमूह २१ वटामा | १९५ | २९३ | ४८८ |
| ६ | वडा बाल समूह संजाल | | | |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | नाम थर | पद | प्रतिनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | दिपक खड्का | अध्यक्ष | वडा अध्यक्ष | ९८५१०८९६९४ |
| २ | बिना कुमारी थिङ लामा | सदस्य | महिला वडा सदस्य, सम्पर्क व्यक्ती | ९८०४२६०६९१ |
| ३ | श्याम कुमार भ्लोन | सदस्य | वडा सदस्य | ९८४१२६३९१८ |
| ४ | कुलनर सिंह गोङ्बा | सदस्य | वडा सदस्य | ९८५४१०३५०० |
| ५ | रत्ना कुमारी विश्वकर्मा | सदस्य | दलित महिला वडा सदस्य | ९८०६८३५६३३ |
| ६ | मुना थापा | सदस्य | स्वास्थ्य प्रमुख | ९८४५०७७४७७ |
| ७ | रेरिना लामा | सदस्य | महिला जागरण समुह | ९८१३८९९८६९ |
| ८ | सिध्दान्त सापकोटा | सदस्य | जन जागृति टो.वि.सं. | ९८४५२९०२४७ |
| ९ | भोगेन्द्र लुईटेल | सदस्य | श्री जन ज्योति प्र.अ. | ९८४५३७६८०४ |
| १० | राज कुमार मुक्तान | सदस्य | वि.व्य.स.अ. श्री भृकुटि मा.वि. | ९८४५३३०४३४ |
| ११ | विश्वराज विमल | सदस्य | आदर्श शिक्षा निकेतन | ९८४५३३०४३४ |
| १२ | बसन्ति थिंङ | सदस्य | स्वास्थ्य स्वयम् सेविका | ९८०७२११८८४ |
| १३ | मनिता श्रेष्ठ | सदस्य | बाल समुह संजाल बालिका | ९८४५८४६२९५ |
| १४ | सुजन भ्लोन | सदस्य | बाल समुह संजाल बालक | ९८०९१००४८५ |
| १५ | सिताराम रिमाल | सदस्य सचिब | १४ नं. वडा सचिव | ९८४५१०३७०९ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण


बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या

हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर १४ मा रहेको जम्मा १,७०१ घरपरिवारमा मात्र बालबालिकाको उपश्थिति रहेको पाईयो। उक्त घरपरिवार मध्ये ३७१ महिला घरमुली र १,३३० पुरुष घरमुली रहेको पाईयो। लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा महिला घरमुली २१.३८ प्रतिशत र पुरुष घरमुली ७८.१९ प्रतिशत रहेको छ।

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

यस वडाको कूल ८,१२८ जनसंख्या मध्ये ४,०४८ महिला र ४,०८० पुरुष रहेको छन्। उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

महिलाको (४९.८%) तुलनामा पुरुषको (५०.२%) जनसंख्या धैरै रहेको छ। उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (१,४६३) रहेको छ भने दोस्रोमा १९-२५ उमेर समूहको जनसंख्या (१,१८५) रहेको छ।


उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न अनुसार रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.९७% | ०.८१% | ७९ | ६६ | १४५ |
| २ | १ देखि २ वर्ष | ०.८६% | १.०१% | ७० | ८२ | १५२ |
| ३ | ३ देखि ५ वर्ष | २.२०% | २.५७% | १७९ | २०९ | ३८८ |
| ४ | ६ देखि १० वर्ष | ३.८६% | ४.००% | ३१४ | ३२५ | ६३९ |
| ५ | ११ देखि १८ वर्ष | ७.२०% | ७.२०% | ५८५ | ५८५ | ११७० |
| ६ | १९ देखि २५ वर्ष | ७.५२% | ७.०६% | ६११ | ५७४ | ११८५ |
| ७ | २६ देखि ३० वर्ष | ५.९१% | ५.७०% | ४८० | ४६३ | ९४३ |
| ८ | ३१ देखि ४० वर्ष | ८.५४% | ९.४६% | ६९४ | ७६९ | १४६३ |
| ९ | ४१ देखि ५० वर्ष | ४.८२% | ५.१३% | ३९२ | ४१७ | ८०९ |
| १० | ५१ देखि ६० वर्ष | ३.७३% | ३.५१% | ३०३ | २८५ | ५८८ |
| ११ | ६१ देखि ७० वर्ष | २.३५% | २.१८% | १९१ | १७७ | ३६८ |
| १२ | ७१ देखि ८० वर्ष | १.४५% | १.०७% | ११८ | ८७ | २०५ |
| १३ | ८१ देखि ९० वर्ष | ०.३६% | ०.३६% | २९ | २९ | ५८ |
| १४ | ९१ देखि १०० वर्ष | ०.०४% | ०.१५% | ३ | १२ | १५ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.००% | ०.००% | ० | ० | ० |
| | **जम्मा :** | **४९.८०%** | **५०.२०%** | ४०४८ | ४०८० | **८,१२८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ९१ देखी १०० वर्ष सम्मका १२ पुरुष सहित १५ जना रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन्।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या १,३६९ जनजाति परिवारको रहेको छ भने दोस्रोमा ब्राहमण/क्षेत्री जातिको २५६ परिवार रहेको छ। त्यस्तैगरी यस वडामा ७२ दलित घरपरिवारको बसोवार रहेको छ र मधेसी ४ घरपरिवार छन्। जातिगत परिवार विवरणको प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या २,४९४ मध्ये १,२२७ बालिका र १,२६७ बालक रहेको छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४९.२० प्रतिशत बालिका र ५०.८० प्रतिशत बालकको संख्या रहेको छ। बालकको संख्या बालिकाको भन्दा धेरै छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.९७% | ०.८१% | ७९ | ६६ | १४५ |
| २ | १ देखि २ वर्ष | ०.८६% | १.०१% | ७० | ८२ | १५२ |
| ३ | ३ देखि ५ वर्ष | २.२०% | २.५७% | १७९ | २०९ | ३८८ |
| ४ | ६ देखि १० वर्ष | ३.८६% | ४.००% | ३१४ | ३२५ | ६३९ |
| ५ | ११ देखि १८ वर्ष | ७.२०% | ७.२०% | ५८५ | ५८५ | ११७० |
| | **जम्मा:** | | | **१२२७** | **१२६७** | **२,४९४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथि उल्लेखित कूल महिला पुरुष जनसंख्याको १५.१० प्रतिशत बालिका र १५.५९ प्रतिशत बालकको संख्या रहेको छ। यस वडामा ११ देखी १८ वर्ष उमेर समूहमा बालबालिका अन्य समूह भन्दा धेरै छन् र यस उमेर समूहमा बालिका र बालकको संख्या बरावर रहेको छ।

### ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धेरै जनसंख्या तमाङ ११४७ (६७.४३%) भाषा बोल्दछन् भने नेपाली ४९४ (२९.०४%) जनाले बोल्दछन्। भाषाको आधारमा जनसंख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| SN | भाषाहरु | भाषा प्रतिशत | भाषा संख्या |
|---|---|---|---|
| 1 | नेपाली | २९.०४% | ४९४ |
| 2 | तामांग | ६७.४३% | ११४७ |
| 3 | चेपांग | १.९४% | ३३ |
| 4 | गुरुङ | ०.१२% | २ |
| 5 | मगर | ०.१२% | २ |
| 6 | नेवारी | ०.९४% | १६ |
| 7 | भोजपुरी | ०.२४% | ४ |
| 8 | मैथली | ०.०६% | १ |
| 9 | हिन्दी | ०.०६% | १ |
| 10 | बजिका | ०.०६% | १ |
| | **जम्मा** | १००% | १७०१ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.५ जन्मदर्ता सम्बन्धि विवरण

यस वडामा ६०४ (अर्थात ८८.१८%) जना ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता गरिएको छ भने ८१ (अर्थात ११.८२%) जनाको जन्मदर्ता गरिएको छैन। बालक र बालिकाको संख्यालाई विश्लेषण गर्दा ३१६ जना बालक र २८८ जना बालिकाको जन्मदर्ता गरिएको छ भने ४१ जना बालक र ४० जना बालिकाको जन्मदर्ता गरिएको छैन। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| ५ वर्ष मुनिका बालबालिकाको जनसंख्या | | | जन्म दर्ता भएको बालबालिकाको संख्या र प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका (%) | बालक (%) | बालिका (संख्या) | बालक (संख्या) | जम्मा (संख्या) | जम्मा (%) |
| ३२८ | ३५७ | ६८५ | ७७.७४% | ८२.९१% | २८८ | ३१६ | ६०४ | ८८.१८% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिकाहरुको प्रतिशत हेर्दा बालिकाको तुलनामा बालकको जन्मदर्ता धैरै भएको देखिन्छ।

### ३.६ बाल विवाहको अवस्था

#### ३.६.१ विवाह सम्बन्धि विवरण

यस वडामा विगत ३ वर्ष भित्र विवाह भएको संख्या १७३ रहेको छ जस्मा महिलाको संख्या ६८ र पुरुषको संख्या १०५ रहेको छ। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवाहिताको लिङ्ग | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | महिला | ३९% | ६८ |
| २ | पुरुष | ६१% | १०५ |
| ३ | लैंगिग अल्पसंख्यक | ०% | ० |
| | जम्मा परिवार: | १००% | १७३ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

१७३ जनाको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २१-२५ वर्ष उमेर समूहका ७८ जना (३३ महिला र ४५ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धैरै विवाह भएको उमेर समूह हो। ११-१५ वर्षका १ महिलाको विवाह भएको छ भने १६- १८ वर्षका १० जना (३ महिला र ७ पुरुष) को विवाह भएको छ। १९-२० वर्षका २७ जना (११ महिला र १६ पुरुष) को विवाह भएको छ भने २६- ३० वर्षका ४५ (१७ महिला र २८ पुरुष) को विवाह भएको छ। ३१-३५ र ३६-४० वर्ष उमेर समूहका १० जनाको विवाह भएको देखिएको छ भने ४१-४५ उमेर समूहमा पनि विवाह भएको छ। विवाह सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| लिङ्ग | बिगत ३ वर्ष भित्रको बिवाहिताको उमेरगत विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | ११ देखि १५ वर्ष | १६ देखि १८ वर्ष | १९ देखि २० वर्ष | २१ देखि २५ वर्ष | २६ देखि ३० वर्ष | ३१ देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ४५ वर्ष | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | १ | ३ | ११ | ३३ | १७ | २ | १ | १ | ६८ |
| पुरुष | ० | ७ | १६ | ४५ | २८ | ५ | २ | १ | १०५ |
| **जम्मा** | **१** | **१०** | **२७** | **७८** | **४५** | **७** | **३** | **२** | **१७३** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण

बिगत ३ वर्ष भित्रको विवाहलाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या ३८ रहेको छ। ११-१५ वर्षका १ किशोरी, १६-१८ वर्षका ३ महिला र ७ पुरुष तथा १९-२० वर्षका ११ महिला र १६ पुरुषहरुले उमेर नपुगि विवाह गरेको देखिन्छ। अर्थात विगत ३ वर्षमा यस वडामा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ। १८ वर्ष भन्दा कम उमेरमा भएको विवाहमा बालिका भन्दा बालकको संख्या बढि पाईएको छ।


## ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २४९४ रहेको छ। वडाको कूल जनसंख्याको ३०.६८ प्रतिशत बालबालिका छन्। जस्मा बालिका १२२७ (४९.२०%) र बालक १२६७ (५०.८०%) रहेका छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ।

यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.४७ रहेको छ।

## ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

यस वडामा ८ बालिका र ७ बालक गरी जम्मा १५ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। ती बालबालिकाको अपाङ्गताको प्रकार र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः
अपाङ्गता मध्ये सबैभन्दा धेरै शारीरिक सम्बन्धि अपाङ्गता (४२.१%) भएको बालबालिका रहेका छन्





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

भने कम स्वर/बोलाई (५.३%) र सुस्त श्रवण तथा बहिरा (५.३%) रहेका छन्। दृष्टि/न्यून दृष्टि विहिन (१५.८%) र मानसिक बौद्धिक अपाङ्गता १०.५% भेटिएको छ।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या १४९ बालक र १४५ बालिका गरी जम्मा २९४ जना रहेका छन्। तलको तालिकामा विगत २ वर्षमा जीवित जन्म भएका बालबालिकाको संख्यालाई प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा ७ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध खुवाएको पाईयो भने १ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको पाईयो। त्यस्तैगरी २१९ जना शिशुहरुलाई जन्मेको १ घण्टा पछी मात्र बिगौती दुध खुवाएको पाईयो।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार १,७०१ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार ९३७ रहेका छन् अर्थात जम्मा घरपरिवारको ५७.२० प्रतिशत घरपरिवारलाई मात्र बाल रोग तथा खोपको बारेमा जानकारी भएको पाईयो भने ७२८ घरपरिवारलाई उक्त जानकारी नभएको पाईयो। सो बारेमा थप जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिकाको संख्या १४१ (७९ बालिका र ६२ बालक) जना छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला |
|---|---|---|---|---|---|
| बालिका | 78 | 60 | 47 | 34 | 29 |
| बालक | 61 | 48 | 32 | 17 | 19 |
| **जम्मा:** | **139** | **108** | **79** | **51** | **48** |
| **जम्मा:** | **98.58%** | **76.60%** | **56.03%** | **36.17%** | **34.04%** |

माथिको विवरण अनुसार बि.सि.जी. खोप लगाउने बालबालिकाहरु १३९ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ९८.५८ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु १०८ अर्थात ७६.६० प्रतिशत रहेका छन्।

खोप सम्बन्धी थप विवरण तल उल्लेख गरिएको छः

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी. भी. | रोटा | पोलियो | एफ.आइ.पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 10 | 20 | 20 | 20 | 15 | 4 | 16 |
| बालक | 4 | 6 | 6 | 6 | 3 | 0 | 5 |
| **जम्मा:** | **14** | **26** | **26** | **26** | **18** | **4** | **21** |
| **जम्माः** | **9.93%** | **18.44%** | **18.44%** | **18.44%** | **12.77%** | **2.84%** | **14.89%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.३ बालबालिकामा पोषणको स्थिति

यस वडाका ९९.३३ प्रतिशत ५ वर्ष मुनिका बालबालिकालाई पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र साग सब्जी) खुवाउने गरेको पाईएको छ।

पोषण अन्तरगत शिशुहरुको स्तनपान र कुपोषणको अवस्थालाई तल बुंदागत रुपमा विश्लेषण गरिएको छ।

#### ४.३.१ स्तनपात सम्बन्धी विवरण

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या १४९ बालक र १४५ बालिका गरी जम्मा २९४ जना रहेका छन्। जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा ७ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध खुवाएको पाईयो भने १ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको पाईयो। त्यस्तैगरी २१९ जना शिशुहरुलाई जन्मेको १ घण्टा पछी मात्र बिगौती दुध खुवाएको पाईयो। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था विस्तृतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

| **बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको स्तनपान** | | | |
|---|---|---|---|
| **क्र. सं.** | **स्तनपानको अवस्था** | **शिशुको संख्या** | **कैफियत** |
| १ | जन्मेको १ घण्टा पछी बिगौती दुध खुवाएको | २१९ | |
| २ | जन्मिने बित्तिकै बिगौती दुध खुवाएको | ७ | |
| ३ | जन्मिने बित्तिकै बिगौती दुध नखुवाएको | १ | |

| | | | |
|---|---|---|---|
| ४ | ६ महिना सम्म आमाको दुध मात्रै खुवाएको | १६० | |
| ५ | ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएको | १९ | |
| ६ | २ महिना वा सो भन्दा कम मात्र आमाको दुध खुवाएको | ३२ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु सम्बन्धि तलको तालिकामा प्रस्तुत गरिएको छः

| **शिशुको संख्या** | **६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका** | | **६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको)** |
|---|---|---|---|
| **शिशुको संख्या** | **शिशुको संख्या** | **प्रतिशत** | **शिशुको संख्या** |
| २९४ | १६० | ५४.४२ | ० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

| ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|
| ६८५ | ० | ० | ० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

कुपोषणबाट प्रभावित बालबालिका भएको पाईएन।

## ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

खानेपानीको कारणले विगत १ वर्षमा बालबालिकालाई हैजा र जिआरडियाको संक्रमण भएको पाईयो।

यस वडामा जम्मा १३ जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। क्यान्सर १ जना, मधुमेह १ जना, फोक्सो सम्बन्धि रोग ५ जना, मुटु रोग २ जना र मृगौला सम्बन्धि रोग ४ जनालाई लागेको पाईयो र १ जनाको मुटु रोगको कारणले मृत्य भएको पाईएको छ।

## ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा नीजि क्लिनिक पहिलो स्थानमा रहेको छ र दोस्रोमा अस्पताल (नीजि वा सरकारी) रहेको छ। लामा/धामी/झाँक्रीमा पनि विश्वास गर्ने घरपरिवार प्रशस्त भएको पाईएको छ जुन तेस्रोमा पर्दछ। उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः

| **मुख्य उपचार केन्द्रहरु र उपचार गर्न जाने घरपरिवारको विवरण** | | | | |
|---|---|---|---|---|
| **क्र.** | **मुख्य उपचार केन्द्र** | **उपचार केन्द्र जाने** | **उपचार केन्द्र जाने घरधुरी** | **कैफियत** |

| सं. | | घरधुरी (प्रतिशतमा) | संख्या | |
|---|---|---|---|---|
| १ | लामा/धामी/झाँक्री | १७.४०% | २९६ | |
| २ | परम्परागत वैद्य | ०.००% | ० | |
| ३ | स्थानीय स्वास्थ्य संस्था/चौकी | ०.९४% | १६ | |
| ४ | अस्पताल(निजी/सरकारी) | २६.०४% | ४४३ | |
| ५ | क्लिनिक(निजी) | ५५.०९% | ९३७ | |
| ६ | अन्य | ०.५३% | ९ | |
| **जम्मा :** | | **१००.००%** | **१७०१** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार स्थानीय स्वास्थ्य संस्था/चौकीमा जाने घरपरिवार ०.९४ प्रतिशत र अन्यमा जाने घरपरिवार ०.५३ प्रतिशत रहेको छ।

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ५५.३८ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेट सम्ममा केन्द्र पुग्न सकिने रहेछ भने ४४.२७ प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समय लाग्ने रहेछ। १ घण्टा सम्म समय लाग्ने घरपरिवारहरु ०.३५ प्रतिशत रहेका छन्। थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| **घर देखि उपचार केन्द्रको दुरी** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **उपचार केन्द्र सम्मको दुरी** | **दुरी प्रतिशतमा** | **घरपरिवार संख्या** | **कैफियत** |
| १ | १५ मिनेट भन्दा कम | ४४.२७% | ७५३ | |
| २ | १५ देखि ३० मिनेट सम्म | ५५.३८% | ९४२ | |
| ३ | १ घण्टासम्म | ०.३५% | ६ | |
| ४ | १ घण्टा भन्दा बढी | ०.००% | ० | |
| **जम्मा :** | | १००.००% | **१७०१** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

बालबालिका विरामी हुँदा तुरुन्त उपचार गर्न सक्ने सामर्थ्यको अर्थात आर्थिक अवस्थाको विश्लेषण गर्दा ९४.७१ प्रतिशत परिवारको अवस्था राम्रो भएको र ५.२९ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको विवरण तल उल्लेखित छ।

| **बालबालिका बिरामी हुँदा तुरुन्त उपचार गर्न आर्थिक अवस्था राम्रो भएको/नभएको** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **आर्थिकस्तर/अवस्था** | **प्रतिशत** | **संख्या** | **कैफियत** |
| १ | राम्रो भएको | ९४.७१% | १६११ | |
| २ | राम्रो नभएको | ५.२९% | ९० | |
| **जम्मा :** | | १००.००% | **१७०१** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

#### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण

विगत १ वर्षमा यस वडाका जम्मा १६४ घरपरिवारमा गर्भवती महिला रहेको पाईयो। ४ पटक सम्म गर्भ जाँच गराउने परिवारको संख्या १३४ रहेको पाईयो। एक पटक मात्रै गर्भ जाँच गराउने परिवारको संख्या ८ रहेको पाईयो। गर्भ जाँच नगराउने घरपरिवार संख्या ३ रहेको पाईयो। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या क्रमशः ११ र ८ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धि विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | गर्भजांचको अवस्था | गर्भजांचको अवस्था |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ८१.७१% | १३४ |
| ३ पटक सम्म जाँच गर्ने | ६.७१% | ११ |
| २ पटक सम्म जाँच गर्ने | ४.८८% | ८ |
| १ पटक मात्रै जाँच गर्ने | ४.८८% | ८ |
| गर्भवती जाँच नगर्ने | १.८३% | ३ |
| | १००.००% | १६४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४ पटक सम्म गर्भ जाँच गर्ने महिला सबैभन्दा धैरै अर्थात ८१.७१ प्रतिशत रहेको पाईयो।

#### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा गत १ वर्ष भित्र गर्भवति भएका १६४ गर्भवतीहरु मध्ये जम्मा ११५ जना गर्भवतिहरुले मात्र यसै वर्ष सुत्केरी भएको जानकारी गराएका छन् र प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण सत प्रतिशत भएको पाईयो।

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | ९९.४% | १६३ |
| २ | १ पटक मात्र लगाउने | ०.६% | १ |

| | | | |
|---|---|---|---|
| ३ | खोप नलगाउने | ०.०% | ० |
| | **जम्मा:** | १००.०% | १६४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा १६४ गर्भवति महिलाहरु मध्ये सबैभन्दा धैरै २ पटक (९९.४ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने १ पटक खोप लगाउने गर्भवति महिला १ जना (०.६ प्रतिशत) भएको पाईयो। खोप नलगाउने महिला संख्या भएको पाईएन।

### ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या ७२ र ५० भन्दा कम प्रयोग गर्ने गर्भवती महिलाहरुको संख्या ० रहेको पाईयो। त्यस्तैगरी आइरन चक्की प्रयोग नगर्ने गर्भवतीहरु भएको पाईएन आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ४३.९% | ७२ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | ३४.८% | ५७ |
| ३ | १०० चक्की सम्म प्रयोग गर्ने | १४.०% | २३ |
| ४ | ५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ५ | प्रयोग नगर्ने | ७.३% | १२ |
| | **जम्मा:** | १००.०% | १६४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ४३.९ प्रतिशत गर्भवती रहेका छन्।


### ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएका १६४ जना गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा जम्मा ११५ जना गर्भवतिहरुको मात्र यसै वर्ष सुत्केरी भएको पाईएको छ। तर २ जनाको गर्भ खेर गएको छ। गर्भवति अवस्थाबारे तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | गर्भको अवस्था | गर्भवति महिलाको संख्या |
|---|---|---|
| १ | सुत्केरी भएको | ११५ |
| २ | सुत्केरी नभएको | ४७ |
| ३ | गर्भ खेर गएको | २ |
| ४ | मृत्यु भएको | ० |
| | **जम्मा:** | १६४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

प्रसुति गराएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा ९३.४ प्रतिशतको प्रसुति भएको पाईयो भने ४.१ प्रतिशतको घरमै स्वास्थ्यकर्मीहरुको विना सहयोगमा प्रसुति भएको पाईयो। साथै २.५ प्रतिशतको स्वास्थ्यकर्मीको सहयोगमा घरमा प्रसुति भएको पाईयो। प्रतिशतलाई तलको तालिकामा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको विवरणलाई हेर्दा घरमा स्वास्थ्यकर्मी विना जोखिममा पनि प्रसुती गराईएको पाईएको छ।

### ४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ९८.५ प्रतिशत नियमित तौल लिने गरिएको छ भने १.५३ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ। तलको तालिकामा प्रतिशत र संख्या उल्लेख गरिएको छः

| २ वर्ष सम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको छ/छैन | | |
|---|---|---|
| तौल सम्बन्धी विवरण | प्रतिशत | संख्या |
| तौल लिने गरेको | ९८.५% | ५२९ |
| तौल लिने नगरेको | १.५% | ८ |
| **जम्मा** | १००.००% | ५३७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाको ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ८६ प्रतिशत भन्दा बढि बालबालिकाहरुलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **लिङ्ग** | **भिटामिन 'ए'** | **भिटामिन 'ए'** | **जुकाको औषधि** | **जुकाको औषधि** | **जम्मा** |

| | खुवाएको | | नखुवाएको | | खुवाएको | | नखुवाएको | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | ८६.२०% | २८१.०० | १३.८०% | ४५.०० | ७३.६२% | २४०.०० | २५.४६% | ८३.०० | ३२६.०० |
| बालक | ८७.२९% | ३०९.०० | १२.७१% | ४५.०० | ७९.१०% | २८०.०० | १८.९३% | ६७.०० | ३५४.०० |
| जम्मा | | | | | | | | | ६८० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ६८० जना बालबालिका मध्ये ४५ जना बालिका र ४५ जना बालकलाई भिटामिन 'ए' खुवाएको पाईएन र ८३ जना बालिका र ६७ जना बालकलाई जुकाको औषधि खुवाएको पाईएन।

## ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

## ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण

यस वडाका १,७०१ (अर्थात ९९.८८%) घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन् भने २ घरपरिवार (अर्थात ०.१२%) ले आयोडिनयुक्त नुनको प्रयोग गर्दैनन्। आयोडिनयुक्त नुनको प्रयोग सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छः

| आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | प्रयोग/नगर्ने विवरण | प्रतिशत | संख्या |
| १ | प्रयोग गर्ने घरपरिवार | ९९.८८% | १६९९ |
| २ | प्रयोग नगर्ने घरपरिवार | ००.१२% | २ |
| | जम्मा: | १००.००% | १७०१ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था

यस वडाका १७०१ परिवार सबैको शौचालय भएको पाईएको छ। ८२१ परिवार अर्थात ४८.२७% ले वायोग्याँस जडान भएको शौचालय प्रयोग गर्दछन् भने ६९० परिवार अर्थात ४०.५७% ले कच्ची शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| घरपरिवारमा शौचालयको अवस्था | | | |
|---|---|---|---|
| क्र. सं. | शौचालयको प्रकार | घरपरिवार (प्रतिशतमा) | घरपरिवार संख्या |
| १ | कच्ची शौचालय | ४०.५७% | ६९० |
| २ | पक्कि(वाटरसिल्ड) | ०.७१% | १२ |
| ३ | वायो ग्याँस जडान भएको | ४८.२७% | ८२१ |
| ४ | ढलमा जडान भएको | १०.४६% | १७८ |
| ५ | शौचालय नभएको | ०.००% | ० |

|  |  |  |
|---|---|---|
| **जम्मा:** | १००.००% | १७०१ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


१२ परिवार (०.७१%) ले मात्र पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् र ढलमा जडान भएको शौचालय १७८ (१०.४६%) वटा रहेको छ।

घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका ३ घरपरिवारमा हातधुने व्यवस्था नभएको पाईएको छ तर ९९.८२ प्रतिशत परिवारले हातधुने व्यवस्था भएको र धुने गरेका छन्। हात धुने व्यवस्था र प्रयोगबारे तलको तालिकामा थप प्रस्तुत गरिएको छः

| परिवारमा हातधुने व्यवस्था र प्रयोग | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **परिवारमा हातधुने व्यवस्था र प्रयोग** | **हातधुने व्यवस्था र प्रयोग (प्रतिशत)** | **हातधुने व्यवस्था र प्रयोगको संख्या** | **कैफियत** |
| १ | ब्यबस्था छ, सधै धुन्छु | ९९.८२% | १६९८ | |
| २ | ब्यबस्था छ, कहिले-कहिँ धुन्छु | ०.००% | ० | |
| ३ | ब्यबस्था छ, कहिलै धुन्न | ०.००% | ० | |
| ४ | ब्यबस्था नै छैन, कहिलै धुन्न | ०.१८% | ३ | |
| **जम्मा:** | | **१००.००%** | **१७०१** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

परिवारको सदस्यहरुले प्रायः कुन कुन अवस्थाहरुमा हात धुने गरेका छन् भन्ने व्यवहारिक प्रयोगबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन्। खाना खानु अघि हात धुने ०.३५ प्रतिशत, खाना खाए पछि हात धुने ०.०६ प्रतिशत, खाना अघि र पछि हात धुने ०.०६ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने ०.०६ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने ०.४१ प्रतिशत परिवारहरु रहेका छन्। सबै अवस्थाहरुमा हात धुने घरपरिवारहरु ९९.०६ प्रतिशत रहेका छन्।

हात धुंदा प्रयोग गर्ने साधनलाई हेर्दा प्रायः जसो घरपरिवारले (९९.७१%) साबुन पानीको प्रयोग गर्ने र ४ घरपरिवारले (०.२४%) ले कुनै पनि साधन प्रयोग नगर्ने गरेको पाईयो। पानी मात्र प्रयोग गर्ने १ परिवार भएको पाईयो।

### ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल १७०१ घरपरिवारहरु मध्ये ९८.४७% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने १.५३% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकामा ०.८२% परिवारले इनार, कुवा वा जरुवाको पानी प्रयोग गर्दछन् भने ०.७१% परिवारले ट्युबवेलको पानी प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोतको संख्यात्मक विवरण तल उल्लेख गरिएको छः

| घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोत | | | |
|---|---|---|---|
| **क्र. सं.** | **स्रोतको नाम** | **संख्या** | **कैफियत** |
| १ | पाइप-धारा (घरमै भएको) | १६७५ | |
| २ | ट्युबवेल | १२ | |
| ३ | इनार/कुवा/जरुवा | १४ | |
| ४ | नदि/कुलो/नहर/पोखरी | ० | |
| ५ | बर्षातको पानी | ० | |
| ६ | अन्य | ० | |
| | **जम्मा :** | १७०१ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


यस वडाका धेरैजसो घरपरिवारको घरमै धारा भएको पाईयो। ९२.०६ प्रतिशत घरपरिवारको घरमै धारा रहेको छ। घरमै धारा भएका बाहेकका परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने ७.८८ प्रतिशत परिवार र १५ देखी ३० मिनेटको दुरीबाट पानी ल्याउने ०.०६ प्रतिशत परिवार भएको पाईयो। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

| घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दुरी** | **घरधुरीबाट मूख्य स्रोत** | **घरधुरी संख्या** | **कैफियत** |

| | | सम्मको दुरी (प्रतिशतमा) | | |
|---|---|---|---|---|
| १ | घरमै भएको | ९२.०६% | १५६६ | |
| २ | १५ मिनेट | ७.८८% | १३४ | |
| ३ | १५ देखि ३० मिनेट | ०.०६% | १ | |
| ४ | ३० मिनेट भन्दा बढी | ०.००% | ० | |
| | **जम्मा :** | **१००.००%** | **१७०१** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ९६.९०% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु ०.५३% रहेका छन्। खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार उमालेर प्रयोग गर्ने वडाबासीहरु ०.२३% छन् र सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु २.३४% छन्। कतिपय परिवारहरुले एक भन्दा बढि बिधि प्रयोग गरिरहेको पाईएको छ।

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा ४ रहेको पाईयो जस्मा २ जनालाई हैजा/झाडावान्ता र २ जनालाई जियार्डियाको संक्रमण भएको पाईयो। उक्त संख्यालाई तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडाका बालबालिका भएका घरपरिवारको महिला साक्षरता (६ वर्ष र माथिका) अवस्था विश्लेषण गर्दा ३,४११ (९१.५० प्रतिशत) महिला साक्षर अर्थात लेखपढ गर्न सक्ने रहेका छन् भने ३१७ (अर्थात ८.५० प्रतिशत) महिला अहिले पनि असाक्षर रहेका छन्। ६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.८३ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा धैरै रहेको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको कूल जनसंख्या १,७९३ जस्मा ८९३ (४९.७५%) बालिका र ९०० (५०.०८%) बालक रहेका छन्। जम्मा ७ (०.१७%) जना बालबालिकाहरु वडामा निरक्षर रहेका छन्।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| क्रस | विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|---|
| १ | सामुदायिक | सुप्रभात आधारभूत विद्यालय | (१-५) | हे.न.पा. – १४ |
| २ | सामुदायिक | दिपज्योति आधारभूत विद्यालय | (१-८) | हे.न.पा. – १४ |
| ३ | सामुदायिक | भृकुटी माध्यमिक विद्यालय | (१-१०) | हे.न.पा. – १४ |
| ४ | सामुदायिक | जनज्योति माध्यमिक विद्यालय | (१-१२) | हे.न.पा. – १४ |
| ५ | संस्थागत | आदर्श शिक्षा निकेतन | (१-५) | हे.न.पा. – १४ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

### ५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| क्रस | विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक | विद्यार्थी संख्या |
|---|---|---|---|---|

| | | | किसिम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | सुप्रभात आधारभूत विद्यालय | (१-८) | ५३ | ५७ | ११० |
| २ | सामुदायिक | दिपज्योति आधारभूत विद्यालय | (१-८) | १२८ | १३६ | २६४ |
| ३ | सामुदायिक | भृकुटी माध्यमिक विद्यालय | (१-१०) | १५७ | १७३ | ३३० |
| ४ | सामुदायिक | जनज्योति माध्यमिक विद्यालय | (१-१२) | ३३० | ३०४ | ६३४ |
| ५ | संस्थागत | आदर्श शिक्षा निकेतन | (१-५) | | | |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

यस वडामा समग्रमा विद्यालयहरुको अवस्था राम्रो रहेको छ। माथिको तथ्याङ्कमा अन्यत्रबाट अध्ययन गर्न आएका विद्यार्थीहरु पनि समावेश भएको देखिन्छ।

### ५.३.२ वडाको बिद्यार्थी विवरण

यस वडाका अध्ययनरत बालबालिकाको संख्या जम्मा १९७२ रहेका छन् जसमध्ये ९८० बालक र ९९२ बालिका रहेका छन् अर्थात बालक भन्दा बालिकाको संख्या धेरै रहेको छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | यौनिक तथा अल्पसंख्यक |
|---|---|---|---|
| ० देखि ५ कक्षा | ५०९ | ५८८ | ० |
| ६ देखि ८ कक्षा | २२२ | २१२ | ० |
| ९ देखि १० कक्षा | १७७ | ११८ | ० |
| ११ देखि १२ कक्षा | ८४ | ६२ | ० |
| जम्मा: | ९९२ | ९८० | ० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धेरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः बालबालिका संख्या तल्लो तहको भन्दा घट्दो क्रममा रहेको छ। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धेरै कारणहरु हुन सक्दछन्।

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः


| ५ देखि १४ वर्ष उमेरका बालबालिका | | | आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका | | |
|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ६६६ | ६८७ | १३५३ | ५५८ | ५५७ | १११५ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कूल ५-१४ वर्ष उमेरका १,३५३ बालबालिकाहरु मध्ये १११५ जना अर्थात ८२.३९ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

### ५.४ विद्यालय पुग्न लाग्ने समय

विद्यालय पुग्न लाग्ने समयलाई प्रतिशतमा तलको रोटी चित्रमा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा धरै जसो घरपरिवार (८३५) लाई बढिमा १५ देखी ३० मिनेट समय लाग्ने गरेको पाईयो। १५ मिनेट भन्दा कम समय लाग्ने ७५५ घरपरिवार रहेको पाईयो। बढिमा आधा घण्टामा विद्यालय पुगि सक्ने घरपरिवारको संख्या १,५९० अर्थात ९६.९५% घरपरिवार बढिमा आधा घण्टामा विद्यालय पुगि सक्छन। ४ (०.२४ प्रतिशत) घरपरिवारलाई विद्यालय पुग्न सबैभन्दा बढि समय अर्थात १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो। त्यस्तैगरी ४६ (२.८ प्रतिशत) घरपरिवारलाई ३० देखी १ घण्टा सम्म समय लाग्ने गरेको पाईयो।

### ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | खानेपानी सुविधा |
|---|---|---|---|
| सामुदायिक | सुप्रभात आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | दिपज्योति आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | भृकुटी माध्यमिक विद्यालय | (१-१०) | भएको |
| सामुदायिक | जनज्योति माध्यमिक विद्यालय | (१-१२) | भएको |
| संस्थागत | आदर्श शिक्षा निकेतन | (१-५) | भएको |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | शौचालय |
|---|---|---|---|
| सामुदायिक | सुप्रभात आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | दिपज्योति आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | भृकुटी माध्यमिक विद्यालय | (१-१०) | भएको |
| सामुदायिक | जनज्योति माध्यमिक विद्यालय | (१-१२) | भएको |
| संस्थागत | आदर्श शिक्षा निकेतन | (१-५) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

शौचालय भएता पनि बालमैत्री र छात्रालाई छुट्टै शौचालयको व्यवस्था हुन नसकेको ३ परिवारले बताएका छन्।

## ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | आवश्यकिय सुविधा | |
|---|---|---|---|---|
| | | | खेल मैदान | कक्षा कोठा र फर्निचर |
| सामुदायिक | सुप्रभात आधारभूत विद्यालय | (१-८) | छ | छ |
| सामुदायिक | दिपज्योति आधारभूत विद्यालय | (१-८) | छ | छ |
| सामुदायिक | भृकुटी माध्यमिक विद्यालय | (१-१०) | छ | छ |
| सामुदायिक | जनज्योति माध्यमिक विद्यालय | (१-१२) | छ | छ |
| संस्थागत | आदर्श शिक्षा निकेतन | (१-५) | छ | छ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.८ विद्यालय भर्ना नभएका

विद्यालय भर्ना नभएका बालबालिका जम्मा ८१ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:


| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष |
|---|---|---|---|
| बालिका | १ | १ | २१ |
| बालक | ४ | ६ | ४८ |
| यौनिक तथा अल्पसंख्यक | ० | ० | ० |
| जम्मा | ५ | ७ | ६९ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

तुलनात्मक रुपमा बालिका भन्दा धेरै बालक विद्यालय भर्ना नभएको पाईयो। १५-१८ वर्ष उमेर समूहका बालिका भन्दा बालकले विद्यालय भर्ना नभएको पाईयो।

### ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण


यस वडामा जम्मा ११ जना (१० बालक र १ बालिका) विद्यालय छाडेका बालबालिका रहेका छन् जस्मा बालकको संख्या धेरै रहेको छ। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

यस वडाका ३ देखी ५ वर्ष उमेर समूहका ३२० बालबालिका (१४८ बालिका र १७२ बालक) बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा भर्ना भएका छन्। ती बालबालिकाको प्रतिशत निम्नानुसार रहेको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा रहेका उक्त उमेर समूहका बालबालिकाको संख्या ३८८ रहेको छ। वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

| क्र.सं. | ३-५ वर्ष उमेरका बालबालिका | वडाको संख्या | बाल बिकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बालिका संख्या | १७९ | बालिका संख्या | १४८ | ८२.६८ |
| २ | बालक संख्या | २०९ | बालक संख्या | १७२ | ८२.३० |
| | **जम्मा:** | **३८८** | **जम्मा:** | **३२०** | **८२.४७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त संख्यालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

३ देखी ५ वर्ष उमेर समूहका ३८८ बालबालिका (१७९ बालिका र २०९ बालक) रहेका छन्। समग्रमा ८२.४७ प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा भर्ना भएका छन्।

# खण्ड ६ वडामा बाल संरक्षण

## ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। यस वडामा महामारीले लगभग ८.९ प्रतिशत घरपरिवार प्रभावित भएको हुँदा ती परिवारका बालबालिका जोखिम परेको देखिन्छ। यस वडामा १५.०९ प्रतिशत ज्याला मजदुरीबाट आम्दानी गर्ने परिवराहरु छन् र ज्याला मजदुरी आफैमा न्यून आय हो र महामारीको मारमा उनीहरुको पेशा परेको कारण ज्याला मजदुरी गर्न नसकिने अवस्था श्रृजना हुन गई उनीहरुको बालबालिकाहरु जोखिममा छन्। यस वडामा ६ महिना भन्दा कम समयकोलागि खान पुग्ने ४७ प्रतिशत परिवार रहेको देखिन्छ। यो परिवार महामारीको प्रभावमा पनि छ। त्यसकारण यस परिवारको बालबालिका उच्च जोखिममा रहेको देखिन्छ।


## ६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

विस्थापित भएका बालबालिका यस वडामा रहेको पाईएन।

## ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

यस वडामा बालबालिका माथि कुनै विभेद देखिएको छैन तर बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ५८.६६ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने ३५.३४ प्रतिशत घरपरिवारले गालि गर्ने र ५.९७ प्रतिशतले कुटपिट जस्तो कठोर कार्य गर्ने गरेको पाईयो। त्यस्तैगरी ०.०४ प्रतिशतले कोठामा थुन्ने जस्ता कठोर सजाय दिने गरेको पाईयो।

त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धेरै परिवारहरुले बिद्यालयले सम्झाई बुझाई गर्ने गरेको जानकारी दिए भने सबैभन्दा कम परिवारहरुले बेन्चमा उभ्याउने जस्तो सजाय दिने गरेको जानकारी दिए। बिद्यालयमा बालबालिकाले




**बिद्यालयमा बालबालिकाले पाउने संजायबारे परिवारको अनुभव (प्रतिशतमा)**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः

६२ प्रतिशत परिवारले बालबालिकाहरुलाई सम्झाई बुझाई गरिन्छ भनेका थिए र ०.०९ प्रतिशत परिवारले बालबालिकाहरुलाई बेन्चमा उभ्याउने गरिन्छ भनेका थिए। त्यस्तैगरी यस वडाका विद्यालयमा गाली गर्ने गरेको अनुभव सुनाउने परिवार ३७.२९ थिए। ०.१९ प्रतिशत परिवारले विद्यार्थीलाई कान समातेर उठबस गराउने गरेको अनुभव सुनाएको थिए भने ०.९ प्रतिशतले कुटपिट गर्ने गरेको अनुभव सुनाएको थिए।

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धि घटना घटेको छ भन्नेबारे विश्लेषण गर्दा यस वडाका परिवारमा त्यस्तो प्रकारको घटनाहरु घटेको पाईएन।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

यस वडामा जम्मा १ परिवारको १ बालिका बालश्रमिकको रुपमा कार्य रहेको पाईयो। उमेर समूह अनुसार बालश्रम सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | ० देखि ५ वर्ष | ० | ० | ० |
| २ | ६ देखि १०वर्ष | ० | ० | ० |
| ३ | ११ देखि १५ वर्ष | ० | ० | ० |
| ४ | १६ देखि १८ वर्ष | ० | १ | १ |
| ५ | १९ वर्ष भन्दा माथि | ० | ० | ० |
| | **जम्मा:** | **०** | **१** | **१** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिकामा उल्लेख भए अनुसार उमेर समूह १६-१८ को १ जना बालिका बालश्रम रहेका पाईएको छ।

उनीको कामको प्रकृती हेर्दा १ उद्योग/कलकारखाना कार्य गरिरहेको देखिएको छ। दिनको ११ देखी १५ घण्टा काम गर्ने उनी विगत ५ वर्ष भन्दा बढी अवधि देखि कार्यरत रहेकि छिन्। उनी तलब नगदमा लिन्छिन्।

उनीले आफ्नो अभिभावकसंग वर्षमा १ पटक मात्र भेटघाट गर्न पाउछिन् र विद्यालयमा पढ्ने गरेकि छैनन्। बाल श्रमिकको रुपमा कार्य गर्दा उनीले पारिश्रमिक समयमा नपाउनु समस्या भएको बताएकि छिन्।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

९८.८२ प्रतिशत घरपरिवारले बाल यौन शोषण भएको छैन भनेको पाईयो। १.१८ प्रतिशतले शोषण भएको या नभएको थाहा छैन भनेको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाईएन्।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा १ जना बालक कुलतमा लागेको पाईएको छ।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन। १३ जना बालबालिकाहरुलाई दिर्घ रोग (क्यान्सर १ जना, मधुमेह १ जना, फोक्सो सम्बन्धि रोग ५ जना, मुटु रोग २ जना र मृगौला सम्बन्धि रोग ४ जनालाई) लागेकोमा १ जनाको मुटु रोगको कारणले मृत्य भएको पाईएको छ। बितेको १ वर्षभित्र ५ वर्ष मुनिका १ बालकको मृत्यु भएको पाईएको छ।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा पर्न सक्ने परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार १५.०९ प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ।

त्यस्तैगरी २७.१% परिवार ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् र १९.९% परिवार ३ देखी ६ महिना सम्म खान पुग्ने अवस्थामा छन् र ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण


यस वडाबाट १ जना बालक आफ्नो पढाईको लागि विगत ६ वर्ष देखी दार्जलिङको बालगृहमा बस्दै आएको पाईयो।

# खण्ड ७ वडाको आर्थिक पक्ष

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका परिवारका सदस्यहरुको पेशालाई विश्लेषण गर्दा सबैभन्दा धेरै (५३.९६%) सदस्यहरु कृषि पेशामा रहेका छन् भने सबैभन्दा कम (०.३५%) सदस्यहरु उद्योग पेशामा रहेका छन्। परिवारका सदस्यहरुको पेशा सम्बन्धि थप विवरण (प्रतिशत) निम्नानुसार रहेको छः

**परिवारका सदस्यहरुको पेशा (प्रतिशतमा)**




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी यस वडाका १८.११ प्रतिशत मानिसहरु जागिर पेशामा रहेका छन् भने व्यापार-व्यवसाय र ज्याला मजदुरी पेशामा क्रमशः १२.४९ र १५.०९ प्रतिशत मानिसहरु रहेका छन्।

## ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण

वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा यस वडाको ६.३ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखी १२ महिना सम्म खान पुग्ने परिवार ३०.७% छन् भने साह्रै कमजोर परिवार पनि रहेको पाईयो जो ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् (२७.१%)। ७ देखि ९ महिना सम्मको लागि खान पुग्ने परिवार १५.९% छन् र ३ देखी ६ महिना सम्म खान पुग्ने अवस्थामा १९.९% परिवार छन्।

यस वडामा ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने अवस्थामा रहेका परिवार संख्याको सबैभन्दा धेरै छन् अर्थात ४७ प्रतिशत परिवारको जीविकोपार्जन नाजुक अवस्थामा रहेको छ। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्थाको बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छः


| क्र.सं. | आम्दानीले खान पुग्ने परिवारीक अवस्था (महिनामा) | प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ३ महिना भन्दा कम | २७.१% | ४६१ |
| २ | ३ देखी ६ महिना | १९.९% | ३३९ |
| ३ | ७ देखि ९ महिना | १५.९% | २७० |
| ४ | १० देखि १२ महिना | ३०.७% | ५२३ |
| ५ | बचत पनि हुने | ६.३% | १०८ |

| | | जम्मा : | १००% | १७०१ |
|---|---|---|---|---|

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका २१७२ युवाहरु विभिन्न पेशा/रोजगारीमा रहेका छन्। कृषिमा १०५९ जना, व्यापार व्यवसायमा २७६, जागिरमा ४८७ जना र ज्याला मजदुरीमा ३४८ आवद्ध छन्। त्यस्तैगरी उद्योगमा २ जना मात्र संलग्न छन्। सबैभन्दा बढि युवाहरु कृषिमा छन् र सबैभन्दा कम उद्योगमा छन्। संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारको युवा रोजगारीको मात्र हो)

### ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ५१७ रहेको छन्। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये २७.३ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ६७.१ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ६७.१% |
| २ | ५ वर्ष भन्दा बढि | ३२.९% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ वडाको प्रकोप अवस्था

## ८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा बिगत ३ वर्ष भित्र प्राकृतिक प्रकोपबाट पिडित भएका परिवारको संख्या १५२ रहेका छन्। धेरैजसो परिवारहरु महामारीको प्रकोपबाट प्रभावित भएका छन् भने केही अतिविष्टि प्रभावित भएको पाईयो।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था सम्बन्धि जानकारीहरुलाई हेर्दा १२ परिवारहरुले विद्यालयमा बाढिको जोखिम रहेका बताएका छन्। त्यस्तैगरी विद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरुमा खोला तर्नु पर्ने अवस्था र खोलामा आउने बाढि रहेको बताएका छन्।

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

बिगत ३ वर्ष भित्र प्राकृतिक प्रकोपबाट पिडित भएका परिवारको विवरण उपलब्ध छैन।

## ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।